Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ८ ❑ अंक २५ २०७६ माघ ५ गते आइतवार Sunday 19, JAN, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

सुचना ! सुचना ! सुचना !

सड्क क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन वमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

केराबारी गाउँपालिकाको कार्यालय मोरंग

## भिजिट नेपाल सँगसगै भिजिट मधेशको उद्घोष

विराटनगर । नेपालले सन् २०२० लाई भिजिट नेपालवर्ष घोषण गरी आन्तरिक तथा वाह्यि पर्यटनलाई नेपाल भित्रियाउन लक्ष्य लिएसँगै तराई मधेशमा पर्यटन प्रवर्द्धनको लागि भिजिट मधेशको उद्घोष प्रदेश नं. १ को राजधानी विराटनगरमा एक अन्तर क्रिया कार्यक्रमको आयोजना गरी उद्घोष गरेका छन् ।

अनौपचारिक रुपमा भएको सो अन्तरक्रिया कार्यक्रममा भिजिट मधेशका राष्ट्रिय संयोजक ओमप्रकाश सराफले तराई मधेशमा पर्यटन प्रवर्द्धनको जानकारी गराउँदै काठमाण्डौले तराई मधेशलाई उपेक्षा गरेको भन्दै सरकारवाट सवै काम सम्भव नभएको भन्दै नागरिक स्तरवाट मधेशको पर्यटन प्रवर्द्धन अभियान जुटेको वताए । नेपालमा गोरो छाला भएकोलाई मात्र पर्यटक मान्ने मानसिकताले ग्रसित भएकोले त्यो मानसिकतावाट उठेर भारतीय पर्यटकलाई नेपाल प्रवेश संगै विभिन्न किसिमको परेशानी भोग्नु परेकोले भारतीय पर्यटकलाई भारतीय नं. प्लेटको गाडीहरुलाई वर्षको ३० दिन नतोकेर जहिले पनि



भिजिट नेपाल २०२० संगै भिजिट मधेशको उद्घोष पछि सामुहिक तस्वीरमा । तस्वीर : श्याम सुन्दर सुतिहार

आउन सक्ने वातावरण वनाउंनु पर्ने वहांको भनाई थियो ।

सो अन्तरक्रियामा सहभागी केही सहभागीहरुले भिजिट नेपाल वर्ष चलि रहँदा तराई मधेश पर्यटनको लागि भिजिट मधेश नाम दिएकोमा आपत्ति जनाउँदै मधेश हटाएर तराई, पहाड र नेपाल लेख्नु पर्ने भिजिट मधेशले विखण्डन मुद्दालाई बलियो बनाउन सक्ने वताएका थिए । भने केही वक्ताहरुले मधेशवाट शूरु गरिएको राजनीतिक दलहरु मधेशलाई छोडेसंगै राजनीतिक रुपमा कम्जोर भएको भन्दै आयोजकलाई तराईलाई हटाएर मधेश पर्यटन प्रवर्द्धन लेख्नु पर्ने सुझाव दिएका थिए ।

वांकी अन्तिम पेजमा...

## प्रदेश नं. १ का काँग्रेस जन प्रतिनिधीहरु सँग छलफल

विराटनगर । नेपाली कांगेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले प्रदेश १ का जनप्रतिनिधिसंग कोइराला निवास विराटनगरमा छलफल गरेका छन् ।

प्रदेश १ का विभिन्न स्थानीय तहमा कांग्रेसका तर्फबाट विजयी भएका प्रमुख, उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्षहरुसंग निवासमा समसामयिक राजनीतिको विषयमा छलफल गरिएको थियो ।

त्यस अवसरमा कोइरालाले कांग्रेस अहिले जत्ति अफ्ठेरो अवस्थामा कहिल्यै नपुगेको बताउँदै भने, “हामी विपक्षी भएदेखि नै विभिन्न ढंगले प्रहार भईरहेको छ । सो समास्यासंग जुध्नको लागि पनि पार्टी एकढिक्का हुन जरुरी छ ।” कोइरालाले सरकारको गतिविधि अधिनायवादतर्फ उन्मुख रहेको र यसले जनताका अधिकारलाई कुण्ठित बनाउने षडयन्त्र गरिरहेको वहांको भनाई थियो ।

प्रमुख उपप्रमुखहरु कांग्रेसको टिकट पाएर विजयी भएको र अहिलेको समस्यालाई पार लगाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिए । भने, “तपाईँहरुले गरेको कामले सिंगो पार्टी र जनतामाझ पनि सन्देश जान्छ ।” उनले निश्पक्ष र विकासमा ध्यान दिएर जनमुखी काम गर्न प्रमुख उपप्रमुखहलाई सुझाव दिएका थिए ।

स्थानीय तहका प्रमुखहरुले पार्टीमा देखिएका समस्यालाई शीघ्र समाधान गर्नुपर्ने सुझाव दिएका थिए । उनीहरुले कांग्रेस विजयी भएका पालिकाहरुमा समेत काम गर्न कठिनाइ भएको दृष्टान्त प्रस्तुत

वांकी अन्तिम पेजमा...

## सम्पत्ति सुद्धिकरण अनुसन्धान विभागको प्रगति निराशाजनक

विराटनगर । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई सरकारले राजनीतिक र प्रशासनिक स्वार्थपुर्तिमा प्रयोग गर्दा बिभागको कार्य प्रगति निराशाजनक देखिएको छ । ‘गैरकानुनी आर्जनलाई कानुनी स्रोतबाट प्राप्त भएको देखाउने, त्यस्तो सम्पत्तिको स्रोत लुकाउने, प्रकृति बदल्ने वा कारोबार छल्ने कार्यको अनुसन्धान गर्न स्थापना भएको बिभागले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन ।

विभाग स्थापना भएको साढे ८ वर्ष पुगेको छ । तर, अहिलेसम्म बिभाग मार्फत ५७ वटा मुद्दा मात्रै अदालत पुगेको बिभागको तथ्यांक छ । मुद्दा दायर भएका अधिकांस बिषय अपराध कर्मपछि मात्र सम्पत्ति शुद्धीकरण मामिलामा तानिएका छन् । विभाग स्थापनाको परिकल्पना अन्य अपराधकर्ममा संलग्न भएपछि मात्रै सम्पत्ति शुद्धीकरण गरे नगरेको अनुसन्धान गर्ने भन्ने होइन । बिभागको अहिलेको कामले स्थापनाकालको परिकल्पनालाई नै लत्याएको छ । ३१ असार २०६८ मा गठन भएको विभागलाई ठूला र दीर्घकालीन महत्व राख्ने कसुरको अनुसन्धानमा केन्द्रित गर्नुपर्ने थियो । तर, कानूनी र संरचनागत व्यवस्था गर्नुको सट्टा राजनीतिक र प्रशासनिक कार्डका रूपमा प्रयोग गर्न खोजिएकोले बिभागले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको गुनासो बढ्दै गएको छ ।

मुलुकलाई कालोसूचीमा राख्ने कि नराख्नेसम्मको परिणाममूखी काम गर्नुपर्ने सम्पत्ति शुद्धीकरण विभाग प्रभावकारी हुन नसक्नुमा राजनीतिक हस्तक्षेप मुख्य कारण रहेको जानकारहरु बताउँछन् । यातायातको सिन्डिकेट अन्त्य र मेडिकल कलेज सञ्चालकसँगको विवादलाई हेर्ने हो भने राज्यले विभागलाई गरिरहेको ‘दुरुपयोग’ प्रष्ट हुन्छ । सरकारले २०७६ वैशाखमा सिन्डिकेट अन्त्य गर्ने योजना अनुसार ‘यातायात व्यवसायीलाई कम्पनी कानुन अन्तर्गत दर्ता हुन आउनू’ भनेपनि उनीहरुले मानेनन् । अटेर गर्ने व्यवसायी र उनीहरूका संस्थाको बैंक खाता रोक्का गरेर सम्पत्ति शुद्धीकरण मामिलामा अनुसन्धान गरी मुद्दा लगाउने चेतावनी दिएपछि व्यवसायी लचिलो भए । त्यसपछि सम्पत्ति शुद्धीकरणको कुरा हरायो ।

त्यस्तै, मेडिकल कलेजहरुले बिद्यार्थीबाट बढी रकम लिएको ठहर गर्दै बढी लिएको रकम फिर्ता वा आगामी शुल्कमा समायोजन गर्न सरकारले निर्देशन दियो । कलेजहरुले निर्देशन नमान्दा सरकारले सम्पत्ति शुद्धीकरण अनुसन्धान बिभागलाई हतियारको रुपमा प्रयोग गर्‍यो । ठगी मुद्दा चलाउँने चेतावनी पनि दियो । अन्तत : कलेजसँग सहमति जुटेपछि सम्पत्ति सुद्धीकरण अनुसन्धानको मामिला त्यसै सेलायो । अधिकांस मेडिकल कलेज सञ्चालक कांग्रेस निकट रहेकाले नेकपा सरकारले राजनीतिक स्वार्थपुर्तिका लागि सम्पत्ती सुद्धीकरण बिभागलाई कलेजबिरुद्ध प्रयोग गरेको नोबेल

वांकी अन्तिम पेजमा...

## उत्पादन प्रवर्द्धनको लागि फागुन पहिलो सात विराट एक्स्पो

बिराटनगर ।। ‘आर्थिक विकासको मूल आधार, कृषि, पर्यटन, उद्योग र व्यापार’ भन्ने नारासहित ९ दिने विराट एक्स्पो प्रदर्शनी फागुन २ गते देखि ९ गते सम्म लाग्ने भएको छ ।

विराट एक्स्पो उद्योग संगठन मोरंगको आयोजना र मुख्य प्रायोजन नोबेल मेडिकल कलेज विराटनगरले गर्ने भएको छ ।

एक्स्पोको सेन्चुरी मसलाले सह-प्रायोजन गरेको छ भने अन्य १५ कम्पनी प्रायोजक रहेको एक्स्पो मुल आयोजक समिति संयोजक भोलेश्वर दुलालले जानकारी गराए ।

उद्योग, व्यावसाय क्षेत्रका उत्पादनको प्रवर्द्धनमा टेवा पु¥याउँदै उत्पादक र उपभोक्तावीचको व्यावसायीक सम्बन्ध बिकासका लागि एक्स्पो गर्न लागिएको उद्योग संगठन मोरङका अध्यक्ष भीम घिमिरेले बताए । एक्स्पोमा औद्योगिक तथा कृषि उत्पादन, कृषि औजार, सूचना प्रविधि तथा बैकल्पिक उर्जा, अटोमोवाईल्स तथा पार्टस, हस्तकलाका सामाग्री, विधुतीय तथा घरायसी सामाग्री, गार्मेन्ट, खाद्य पदार्थ, शिक्षा, स्वास्थ्य र बैंक तथा वित्तिय सस्थाका ३ सय १५ स्टल रहनेछन् ।

सो एक्स्पोमा भारत, चीन, भुटान, पाकिस्तान र बंगलादेशका ६० स्टल बुक भएका छन् । एक्स्पोमा नेपालका विभिन्न जिल्लासँगै भारत, चीन, भुटान, बंगलादेश, पाकिस्तान लगायत देशका ३ लाख अवलोकनकर्ता भित्र्याएर १ अर्बको आर्थिक कारोबार गर्ने लक्ष्य राखिएको अध्यक्ष घिमिरेले बताए ।

पूर्वी नेपालको औद्योगिकरणमा टेवा पुर्याउन दुई दशक अघिदेखि

वांकी अन्तिम पेजमा...




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## भिजिट...

भिजिट मधेशको ग्लोवल कोडिनेटर प्रमोद सराफले भने सवृद्ध नेपाल चाहने हो भने नेपालको तीनवटा खम्बा हिमाल, पहाड र तराई मधेशको सवृद्धि विना परिकल्पना गर्न सकिदैन । पहाड र हिमालमा सरकारले वर्षौ देखि पर्यटन विकासमा लागेका छन् त्यही सरकार मधेशको पर्यटनलाई पछाडी पारेको भन्दै जनस्तरवाट मधेशको पर्यटक स्थलहरुलाई विश्वलाई चिनाउन र मधेशमा पर्यटन भित्रियाउन लागी परेको वताएका थिए । तराई मधेश पर्यटन प्रवर्द्धनको लागि जनस्तरवाट सहयोगको अपेक्षा गरेको वताएको थिए ।

सो कार्यक्रम भिजिट नेपाल २०२० को प्रदेश नं. १ को सदस्य फनिन्द्र अधिकारी, होटल व्यवसायी महासंघका सदस्य खिल कुमार सुवेदी, मधेशी पत्रकार समाजका अध्यक्ष श्याम सुन्दर सुतिहार, पत्रकार हिरालाल साह, मधेशी महिला नागरिक समाजका अध्यक्ष आशा झा, भाषा संस्कृति प्रतिष्ठानका अध्यक्ष जय प्रकाश महतो, विराट राजवंशी यूवा समिति संयोजक कुशेश्वर राजवंशी, विराट राजा दरवारका संरक्षक कमल किशोर यादव, बर्जु ताल संरक्षण समितिका प्रतिनिधी लगायतले मधेशका पर्यटक स्थानहरुलाई प्रवर्द्धन गर्नु पर्नेमा जोड दिएका थिए ।

सो कार्यक्रममा मधेशी महिला नागरिक समाजले अतिथी र सहभागीलाई गम्छालागाएर सम्मान गरेका थिए भने विराट राजवंशी समाज उत्थान समितिले मधेशको संस्कृतिक परिकार भक्का र बगियाको नास्ता खोवाएका थिए । उक्त कार्यक्रमको संयोजन भिजिट मधेश प्रदेश नं. १ संयोजक राकेश रोशन यादवले गरेको थिए ।

तराई मधेश पर्यटन सम्वर्द्धन कार्यक्रम विराट राजवंशी समाज उत्थान समिति, मधेशी महिला नागरिक समाज र भाषा संस्कृति प्रतिष्ठानको सहकार्य र भिजिट मधेश प्रदेश नं. १ को आयोजनामा सम्पन्न भएको थियो ।

## सम्पत्ति...

मेडिकल कलेजका सञ्चालक डा.सुनिल शर्मा बताउँछन् ।

खोज पत्रकारिता केन्द्रले हालै प्रकाशित गरेको आलेखले पनि बिभागलाई राजनीतिक कार्डको रुपमा प्रयोग गरिएको निष्कर्ष निकालेको छ । यता, विभागका प्रवक्ता विनोद लामिछानेले गुणस्तरीय सूचना नआउँदा मुद्दा लैजाने क्रम थोरै भएको स्वीकार गर्दै अव गुणस्तरीय सूचना आउन थालेकाले परिणाममूखी काम हुँने बताएका छन् ।

## प्रदेश नं. १...

गरेका थिए ।

कोईराला निवासमा गरिएको छलफलमा प्रदेश १ मा विजयी भएका पहाडी तथा मधेशका विभिन्न तहका प्रमुखहरुको सहभागिता थियो । प्रदेश समन्वय परिषदको बैठकमा सहभागी हुन आएका प्रमुख उपप्रमुखहरुलाई कोइराला निवासमा निमन्त्रणा गरी समसामयिक विषयमा छलफल गर्न र एक आपसका विषयलाई अन्तरसंवाद गरिएको कोइरालाले बताए । विराटनगर महानगर पालिकाका मेयर भीम पराजुलीले छलफलले आफूहरुबीचका अनुभव आदान प्रदान गर्न समेत मद्धत मिलेको वताए । छलफलमा प्रदेश १ मा राष्ट्रिय सभामा कांग्रेसमा उमेदवार पनि सहभागी थिए ।

## उत्पादन...

उद्योग संगठनले विभिन्न नाममा प्रदर्शनी गर्दै आएको छ । यसअघि २०५३ मा कोशी महोत्सव, २०५७ मा औद्योगिक व्यापार मेला, २०६३ मा कृषि तथा औद्योगिक प्रदर्शनी, २०६६ र २०७३ मा विराट एक्स्पो गरिएको थियो ।



प्रदेश नं. १ मा समाजवादी पार्टीले कमला वड्हीलाई राष्ट्रिय सभाका उम्मेदवार बनाएकोमा कमला शर्मालाई नेपाल बढई कल्याण समाज द्धरा सम्मान गर्दै समाजका अध्यक्ष लगाय केन्द्रिय समितिहरु ।

# स्तन क्यान्सरको सफल शल्यक्रिया





बिराटनगर । जन्मजात निधारमा निस्किएको मासुको डल्लोको सफल अप्रेशन पछि उमिसाको अनुहार फेरिएको छ ।

उदयपुरको बेलका नगर पालिका-३ रातापानी घर भएका उमिसालाई चौधरी परिवारले उपचारका लागि जिल्ला अस्पताल पु¥याएका थिए । तर, त्यहाँ अप्रेशन हुँन नसक्ने भन्दै चिकित्सकले काठमाण्डौं लैजान सुझाव दिएका थिए ।

पाँच वर्षे उमिसाको निधारमा रहेको मासुको डल्लो बढ्दै गएर दुबै आँखा छोपिदा उनलाई हेर्नसमेत समस्या भईरहेको थियो । मासुको डल्लो झन-झन बढ्दै जाँदा अब के गर्ने भन्ने अन्यौलताले चौधरी परिवार चिन्तित थिए तर, नोवेल मेडिकल कलेज विराटनगरमा अप्रेसन गरेर डल्ला फालेपछि अहिले चौधरी परिवारको चिन्तालाई खुशीमा बदलि दिएको छ ।

नोबेल अस्पतलाले निःशुल्क अप्रेशनको व्यवस्था मिलाई दिदा अहिले उमिसाको अनुहारको आकृति नै फेरिएको छ । चिन्ता र अन्यौलताकावीच उनको निःशुल्क अप्रेशन भएपछि चौधरी परिवारमा खुशीयाली छाएको छ । 'हामी अब के गर्ने भन्ने अन्यौलमा थियौ ।' उमिसाका काका मनोज कुमारले भने 'नोबेलले निःशुल्क उप्रेशन गर्दिदा हामी धेरै खुशी छौ ।'

नोबेलका बरिष्ठ न्यूरो सर्जन डा. प्रकाश काफ्लेे नेतृत्वको चिकित्सकहरुको टोलीले उमिसाको सफल शल्यक्रिया गरेका थिए । धेरै जटिल शल्यक्रियासमेत सफलता पूर्वक गरेर चर्चा कमाएका डा.काफ्ले नेतृत्वको टिमले शल्यक्रिया गरी उमिसाको निधारको डल्लो निकालेपछि अहिले उनी सामान्य अवस्थामा छिन् ।

अप्रेशन पश्चात अब पुनः डल्लो नपलाउँने डा.काफ्ले बताउँछन् । 'यो जन्मजात समस्या हो । टाउकोको हड्डी भित्र रहनुपर्ने मस्तिस्क हड्डी भन्दा बाहिर निस्किदा यस्तो हुन्छ । यसलाई भित्री मस्तिस्कसँग छुट्याएर अप्रेशन गरिएको वहांको भनाई छ ।

नोबेलले उदयपुरको बेलका स्थित रामपुरमा आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा चौधरी परिवारले उमिसालाई ल्याएका थिए । शिविरमा जटिल शल्यक्रिया सम्भव नभएकाले अस्पताल ल्याएर उनको निःशुल्क शल्यक्रिया गरिएको नोबेल अस्पतालका प्रबन्ध निर्देशक इन्दिरा शर्माले बताईन् । उनका अनुसार करिव दुई लाख मुल्य बराबरको शल्यक्रिया एवं उपचार सेवा निःशुल्क गरिएको छ ।

सौन्दर्यताको एउटै नाम विराटनगर-१३ शान्ति चौकमा रहेको










परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

### तराई मधेशमा पर्यटन प्रवर्द्धनको लागि भिजिट मधेश

नेपाल सरकारले सन् २०२० लाई भिजिट नेपाल वर्ष घोषण गरि सकेका छन् । पाचलाख विदेशी पर्यटकलाई भित्रियाउने महत्वा कांक्षी योजना लिएको सरकारले पुरानै पर्यटक स्थालको पात्र प्रचार प्रसार गरेमा सो सम्भव नभएको भन्दै दुई वर्ष पहिले लुज फोरमको रुपमा आएका भिजिट मधेशको पनि शुरुवात गरेका थिए । सो लुज फोरमले तराई मधेशमा पर्यटन प्रवर्द्धनको लागि तराई मधेशमा रहेको पर्यटक स्थलहरुको पहिचानको लागि वेवसाईट, फेसवुक, लगार्यको समाजिक संजालवाट विश्व सामु मधेशलाई चिनाउन लागि परेका छन् । भिजिट मधेशको शुरुवात प्रदेश नं. २ वाट भएको छ भने यसै साता भिजिट मधेशको उद्घोष प्रदेश नं. १ को राजधानी विराटनगरवाट शुरु गरि सकेको छ । ती अभियानकर्ताहरुले तराई मधेश पर्यटन प्रवर्द्धनको लागि अन्तरक्रिया, गोष्ठीहरु गर्दै आएका छन् ती गोष्ठीहरुमा केही समुदयले तराई मधेश पर्यटन प्रवर्द्धनवाट मधेशलाई हटाएर काम गरे एकता आउने सुझाएका छन् भने कतिले तराईलाई हटाएर मधेश मात्र राख्न सुझाव दिएका छन् ।

समग्रमा अहिलेको दुइृ तिहाई बहुमतवाट वनेको सरकारका प्रधान मन्त्रीको मुख्य नारा छ समृद्ध नेपाल सुखी नेपाली यी नारालाई सकार पार्नु छ भने हिमाल, पहाड र तराई मधेशको समृद्धि विना समृद्ध नेपालको कल्पना गर्न सकिदैन । त्यसैले सरकारको मुख ताकेर मात्र बस्नु भन्दा पनि जन स्तरवाट भिजिट मधेशको शुरुवात भएको छ । यसवाट कुनै विखण्डल आउंदैन वरु भिजिट नेपाल वर्षलाई सफल वनाउने छ । नेपाल सरकारले हिमाल पहाडलाई २० औ वर्ष देखि पर्यटनको विकासको नाराहरु दिदै आएका छन् तर ती सरकारले मधेशमाथि विभेद गरी मधेशमा भएका पर्यटक स्थलहरुमा ध्यान नदिएर विभेद गरेको भन्दै जन स्तरवाट केही गरेर देखाउने र पर्यटकलाई मधेशको कला संस्कृति र पर्यटक स्थलहरु देलाउने लक्ष्य लिएका यूवाहरुको हौसलाई सरकारले बुलन्द गराउनु पर्छ ।

हिमाल, पहाडको पर्यटन विकासका लागि पुरै सरकार लाग परेका छन् तर मधेशको पर्यटक स्थलहरुको पहिचान गाउन लागेका युवाहरुले जनस्तरवाट काम सुरु गरेकोले यसलाई सफल वनाउन सम्पुण मधेशवासी र सरकारको दायित्व रहेकोले भिजिट मधेशमा सवैले सहयोग गरी मधेको भूमिलाई नेपाल सरकारले विदेशमा चिनाउन खाज्दैन त्यसैले मधेशका युवाहरुले मधेशका भूमि, मधेशमा रहेको पर्यटक स्थलहरुलाई विश्व सामू चिनाउन आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** भाग्यले राम्रो साथ दिनाले आँटेको काममा सफलता प्राप्त हुने देखिन्छ। सामाजिक काममा मान सम्मान समेत मिल्ने योग छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)** :आफन्त जनहरुसंग सुखद भेटघाट हुने । योग रहेको छ । परिवारमा राम्रो वतावरणको माहोल आउनुका साथै सन्तान सुख मिल्ने छ।

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** :बोलीको योग लाग्ने रहेकाले होस पुऱ्याएर बोल्नुहोला । सामान्य वादविवाद एवं शत्रु वाधा देखिए तापनि जित तपाईंकै हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : पारिवारिक सुख शान्ति प्राप्त हुनुका साथै भ्रमणको अवसर प्राप्त हुने प्रवल संम्भावना भएकोले विचार पुऱ्याई यात्रा गर्नु होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : बालीको प्रभावले महत्वपूर्ण काममा समेत सफलता प्राप्तम हुने छ। स्वास्थ्यमा भने सामान्य अस्वस्थता आई पर्ने देखिन्छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** :बौद्धिक तथा धार्मिक कार्यक्रमहरुमा सहभागिता जनाउनु पर्ने छ। अध्ययन अध्यापनको क्षेत्रमा राम्रो अभिरुभि उत्पन्न हुने छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:काममा प्रशस्त समस्या आइपर तापनि धैर्यको वाँध नटुट्नाले सफलता तपापईको हातमा हुनेछ। स्त्रीवर्ग बाट सहयोग मिल्ने छ

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**:आर्थिक हानिनोक्सानी एवं खर्च बृद्धि हुने छ। शाररिक रुपमा सामान्य अस्वस्गथता एवं मानसिक चिन्ताको समेत योग रहेको छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: खानपिनका परिकार प्राप्त होलान् । इष्टमित्रहरुसँग भेटघाट हुनेर नयाँ कामको लागि पहल गर्ने समय छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**: परिवारको चिन्ताले सताउनुका साथै सानो तिनो वादविवाद समेत आई पर्ने छ। मनोरञ्न एवम विलासितामा अध्याधिक खर्च हुने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**: स्वास्थ्यमा सामान्य समस्या आई पर्न सक्छ। विचार पुऱ्याउनुहोला। खर्च बढ्ने तथा आन्दानीका स्रोतहरु मिल्नुका साथै सुख प्राप्तीको योग छ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**::वादविवादमा विजय मिल्ने छ । भने शत्रुहरु परास्त हुनेछन । भ्रमण एवम साथीहरुवाट मन पर्ने उपहार समेत प्राप्त होला ।

# दलबाट नहटेको संस्कार : पुरुष दिने, महिला लिने



यमुना खनाल

लाहान । सिराहाको लाहान नगरपालिका वडा नम्बर २१ की रिता यादव ४५ वर्ष पुगिन् । महिलालाई अबला देख्ने, महिला कमजोर ठान्ने सामाजिक गलत बुझाईलाई रिताको सक्रियता र आत्मविश्वासले गतिलो जवाफ दिने गरेको छ । उनी एकल महिला हुन् ।

२०६२/०६३ को मधेश आन्दोलन पछि राजनीतिमा होमिएकी रिता अहिले राजनीतिमा सक्रिय छन् । पार्टीको काममा एक कर्मठ सिपाही झैं खट्ने रिताको सक्रियता र बफादारिताले नै उनलाई सफल राजनीतिज्ञको रुपमा स्थापित पनि गरिरहेको छ । पार्टी र संगठनको काममा कति बेला कहाँ जानु पर्छ, के गर्नुपर्छ सबैभन्दा अगाडि तयार हुन्छिन् उनी । कारण हो, उनलाई महिलाहरू अबला र कमजोर छैनन् भन्ने कुरा पुष्टी गर्नु छ । समाजलाई जवाफ दिनु छ ।

तर पार्टीको कामलाई मूल प्राथमिकतामा राखेर काम गर्ने रितालाई पार्टीले पनि त्यसरी नै शिरमा राखेको छ त ? प्रश्न खस्न नपाउदै उनले राजनीतिमा योग्यता, क्षमता, बफादारिता र जिम्मेवारी भएका महिलालेसमेत भोग्नु पर्ने एउटा तितो अनुभव सुनाइन् । पार्टी र संगठनभित्र जतिसुकै सक्रिय रहे पनि नेतृत्व लिने र निर्वाचनमा टिकट पाउने भनेकै पुरुष हुन् । या त राजनीतिमै नआएका र नेताहरूका आफन्त र आसेपासेहरू । त्यतिबेला रिताहरूको योगदानको मुल्यांकन गर्नु त परैको कुरा सम्झना पनि गरिन्न । "अनि भने निकै मन दुख्छ" रिताले सुनाइन, "मेरो पार्टीको मात्रै कुरा होइन, सबै दलभित्र पार्टी नेतृत्वले मजस्ता महिलाहरूको योगदानको कदर गर्ने हो राजनीतिमा महिलाको संख्या बढ्थ्यो । यो सत्य हो ।"

पार्टीको साधारण सदस्य, वडा कमिटी सदस्य हुँदै समाजबादी महिला फोरमको नगर अध्यक्ष र पार्टीको अहिले केन्द्रिय सदस्य पदमा छिन् रिता । उनी २०७४ सालको स्थानीय तह निर्वाचनको प्रत्यासी पनि हुन् ।

पार्टीमा काम गर्दा जुझारु र सक्रिय सदस्यको रुपमा चिनिने रितालाई उपमेयरको टिकट पाउने बेलामा भने निकै सास्ती झेल्नु पर्यो । नेताहरूसंग खुसामत गर्नु पर्यो । नेताका घर घर धाउनु पर्ने, त्यो पनि बैठक र छलफलमा तपाईले नै टिकट पाउनु हुन्छ भन्ने नेतृत्वले आफू निस्केपछि फेरि अरुलाई नै हुन्छ भनिदिने ।

चुनावमा टिकट दिने बेला नेतृत्वले योग्य र सक्रिय कार्यकर्ता भन्दा जसले पार्टीलाई धेरै पैसा दियो उसैलाई टिकट दिने जस्ता नमिठा अनुभब पनि रितासंग छ । स्थानीय तहको निर्वाचनमा उपमेयरको टिकट नदिन निकै खेलोमेलो भयो । तर रिताले खोसेर भए पनि टिकट लिन्छु भन्दै लडिन् । पछि हटिनन् र सफल पनि भईन् ।

एकत टिकट पाउनै कठिन, पाईहाले चुनाब जित्न कठिन । दिन प्रतिदिन महंगो बन्दै गएको चुनावमा जसरी पुरुष उम्मेदवारको प्रचार प्रसार हुन्छ, महिला उम्मेदवारको हुन्न । पुरुषलाई साथ दिन लावा लस्कर हुने नेता कार्यकर्ता महिलाको लागि त्यसो गर्न राजी हुन्नन् । "महिलाको पछाडि को हिँड्ने ? भन्छन् । पुरुषहरूले आधा रातसम्म बाहिर बसेर चुनाबी माहौल के भईरहेको छ भन्ने कुरा बुझ्न मान्छेहरू परिचालन गर्ने, होटलमा लाने, खुवाउने, जाँडरक्सी खुवाउने गर्दा रहेछन् । तर महिलालाई यी सबै कुरा गर्न सामाजिक परिबेशले पनि नदिने" उनले उपमेयरमा हार्नुका केही कारण सुनाइन् ।

नेकपा प्रदेश कमिटी सदस्य सागरदेवी चौधरी २०४९ सालदेखि राजनीतिमा सक्रिय छन् । राजनीतिक जीवनको शुरुआती दिन गाउँ ईकाई, कमिटीबाट शुरु गरेर गाउँ, नगर, क्षेत्रीय कमिटी हुँदै उनले तीन कार्यकाल नेकपाको जिल्ला कमिटी सदस्य, तीन कार्यकाल जिल्ला कमिटी सचिबालय सदस्यको जिम्मेवारी सम्हालिन् ।

तर तीस वर्ष लामो राजनीतिक जीवनमा उनलाई तल्लो कमिटीदेखि प्रदेश कमिटी सदस्य बन्दासम्म निर्णायक पदमा बस्ने र पार्टीको तर्फबाट निर्वाचनमा उम्मेदवार बन्ने अवसर भने कहिल्यै जुरेन ।

पार्टीको निर्णायक तहमा महिला छैनन् । पुरुषहरूकै बोलवाला भएकाले महिला सधै पार्टीमा माग्ने स्थानमा मात्रै छन् । पुरुष नेताको तजबिजले दिएको नेतृत्व मात्रै लिनु पर्ने बिडम्बना सिराहाका महिला नेताहरूसंग छ ।

२०६४ सालको संविधानसभा निर्वाचनमा सिराहा क्षेत्र नम्बर एकबाट समानुपातिक उम्मेदवारको लागी सागरदेवीको नाम पनि सिफारिस भएर केन्द्रमा गएको थियो । तर पछि उनको नाम परेन । चौधरी भन्छिन, "पार्टीका लागि निरन्तर योगदान गर्ने ईमान्दार व्यक्ति हो भन्ने पार्टी नेतृत्वलाई थाहा छ । समानुपातिकमा मेरो नाम नपरेपछि पार्टीकै सिफारिसमा मलाई शलहेश फूलबारी पर्यटन प्रबर्द्धनको सदस्यको जिम्मेवारी दिईयो । यसको मतलब पार्टीलाई अनुभूति छ त रहेछ । तर पनि फेरि नेतृत्व गर्ने बेला पुरुषहरू नै अगाडि आउछन् । हामी महिला दोस्रो दर्जासरह ।"

सागरदेवीले २०७४ सालको स्थानीय तह निर्वाचनमा पनि उम्मेदवार बन्ने चाहाना भएको कुरा पार्टीमा राखिन् । तर स्थानीय तह निर्वाचनमा जातीय बाहुल्यता पनि हेर्नु पर्ने नत्र चुनाव हारिने भन्दै उनलाई टिकट दिईएन । त्यसपछि २०७४ साल मंसिरमा भएको प्रतिनीधि सभा निर्वाचनमा पनि जिल्लाबाट उनको नाम सिफारिस भएर गयो । त्यसमा पनि उनलाई टिकट दिइएन । चौधरीले भनिन, "अहिले फेरि राष्ट्रिय सभा निर्वाचनको लागि पार्टीको जिल्ला ईन्चार्ज र नेताहरूसंग छलफल गरेकी छु । के हुन्छ थाहा छैन ।"

राजनीतिमै जीवन गयो । जीवनको उर्बर समय पार्टीको लागि भन्दै खटिइन् । संकटकालको समयमा राज्य र विद्रोही दुबै पक्षबाट निकै दुःख पाइन् । घरै छोडेर बस्नु पर्ने अवस्था झेलिन् । तर पनि बिचलित नभई राजनीतिमा निरन्तर छिन् । तर पनि एकपटक पनि उम्मेदवार बन्न नपाउदा र पार्टीको निर्णायक तहमा पुग्न नपाउदाको हिनताबोध धेरै छ उनलाई । भन्छिन, "अवसर दिने बेला योगदानको कदर हुन्न भने त नेताहरूले महिलालाई यो पुरुषको पार्टी हो भनेर घोषणा गरिदिनुपर्छ । अनि हामी महिला पनि अवसरका लागि पालो कुरेर बस्ने झन्झट गर्दनौं ।"

नेपाली कांग्रेसकी महाधिवेशन प्रतिनीधि जीबछीदेबी यादवको पनि अनुभव उस्तै छ । २०६२ सालदेखि नेपाली कांग्रेसको राजनीति गरेकी यादव गाउँ र क्षेत्रीय कमिटी हुँदै ११ औ महाधिवेसनदेखि महाधिवेसन प्रतिनीधि बनिन् । उनलाई यो पदसम्म आइपुग्न त्यत्ति धेरै संघर्ष त गर्नु परेन । तर जब स्थानीय तहको निर्वाचन २०७४ मा उपमेयरको लागि टिकट पाउने कुरा भयो, तब थाहा पाइन् उनले महिलाले उम्मेदवार बन्न पाउनु कति कठिन छ भनेर ।

पार्टी र संगठनको कामप्रति सधै बफादार यादवलाई लागेको थियो आफूले टिकट पाउछु भनेर । तर उपमेयरको टिकटको लागि नेताहरूको घर धाउनु पर्ने बाध्यता एकातिर, अर्कोतिर कति बेला कसले भाँडिदेला, के चलखेल हुने हो भन्न नसक्ने अवस्था । टिकटका लागि पार्टीमा नदेखिएका अनुहारको समेत उदय भयो । त्यस्ता उदय नेताका नजिकका मान्छेहरूको बढी हुने र टिकट पनि उनीहरूले नै पाउने रहेछन् । "अर्को तितो सत्य भनेको त पैसाको खोलो बगाउन सक्नेले नै टिकट पाउने र जित्ने रहेछन् । आर्थिक चलखेल बिना स्वच्छ तरिकाले उम्मेदवारी पाउछु र चुनाव जित्छु भन्ने सोच्नु एकादेशको कथा जस्तै हो" जीबछीले भनिन् ।

सिराहामा मुख्य दलहरूको तल्ला कमिटीदेखि जिल्ला कमिटीसम्म महिला निर्णायक पदमा छैनन् । मुख्य पदमा पुरुषकै बर्चस्व छ । नेपाली कांग्रेसमा सीतादेवी यादव जिल्ला पार्टी सभापति भइन् । अहिले उनी नेपाली कांग्रेसको केन्द्रीय कोषाध्यक्ष छन् । सिराहाकै चित्रलेखा यादव

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# मोरंगमा काँग्रेसको नेतृत्व समायोजन



विराटनगर। प्रदेश नं. १ को मोरंग जिल्लाको काँग्रेसले ६ वटा निर्वाचन क्षेत्र र १७ वटा स्थानीय तहमा नेतृत्व समायोजन भएको छ।

कांग्रेस केन्द्रीय कार्यालयको परिपत्रअनुसार समायोजन कार्य गत पुस २ गते शुरु भएको थियो। पार्टीका जिल्ला सचिव मोदराज घिमिरेले भने,"संविधान सभा निर्वाचन ताका रहेका नौ लाई छ वटा क्षेत्रमा र १७ वटै स्थानीय तहमा नेतृत्व समायोजन भएको छ। अब ६ वटा संघीय निर्वाचन क्षेत्र, १२ वटा प्रदेश निर्वाचन क्षेत्र र १७ स्थानीय तहमा कांग्रेसको नयाँ नेतृत्व आएको छ।

संघीय निर्वाचन क्षेत्रको सभापतिमा निर्वाचन क्षेत्र १ मा खड्ग फागो, २ मा नागेश्वर प्रसाद सिंह, ३ मा गणेश खड्का, ४ मा विनोद बस्नेत, ५ मा दिलिप पोखरेल र ६ मा निरंजन रिजाल चयन भएका छन्। त्यसैगरी सत्र स्थानीय तहमा सभापति र उप-सभापति चयन गरिएको पार्टी सचिव घिमिरेले जानकारी दिएका थिए।

स्थानीय तहको अन्तर्गत १७ जना सभापति चयन भएका छन् भने कपितय तहमा पाँच जनासम्म सह-सभापति छानिएका छन्। देश संघीय शासनमा गएपनि कांग्रेसको पार्टीगत संरचना भने पुरानै संरचनाअनुसार थियो।

समायोजन भएअनुसार विराटनगर महागनरपालिकाको सभापतिमा भीम पराजुली, सुन्दरहरैंचा नगरपालिकामा कृष्णबहादुर लिम्बू, बेलवारी नपामा शम्भु भट्टराई, पथरी-शनिश्चरे नगर पालिकामा टेकबहादुर थापा, रंगेली नगरपालिकामा जगन्नाथ मण्डल, उर्लाबारी नगरपालिकामा वीरबल थापा, लेटाङ नगरपालिका मा राजकुमार लामा, रतुवामाई नगरपालिकामा जीवन पनेरु, सुनवर्षी नगरपालिकामा कमलकिशोर सिंह चयन भएका छन्।

त्यसैगरी कटहरी गाउँपालिकामा राजकुमार कामत, धनपालथान नगरपालिकामा गाउँपालिकामा मनिकचन्द्र मण्डल, जहदा गाउँपालिकामा महेन्द्र मण्डल, कानेपोखरी गाउँपालिकामा योगेन्द्र दाहाल, ग्रामथान गाउँपालिकामा तुलसी विश्वास, केराबारी गाउँपालिकामा प्रकाश बस्नेत, बुढीगंग गापामा विष्णु बहादुर पौडेल र मिक्लाजुङ गाउँपालिकामा शोमन्त दाहाल सभापतिमा चयन भएका छन्।

## विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर ब्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं।
३. घरबाट निस्कने जैविक (कुहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं। घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर ब्यवस्थापन आफै गरौ। अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- ( हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला ब्यवस्थापन गरौं।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर ब्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ। अन्यथा फोहोरमैला ब्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाखा लाई छाडा छोडेमा जरिवाना गरिने छ। पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं। जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं।
  १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
  २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
  ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०

## मगही भाषा

### मगही भाषा के कविता

**हर-हर महादेव**

एलै बाबा साउन महिना जपैइया सब महादेव,
सब कपडा खोइलक राखब एकलोटा पाइनसे
नहादेव।
अहाके मनाक लबैइके लेल सवारी बसहा
पठादेव,
एकौ बुन्द पाइन गिरै त सब कहैइ हर-हर
महादेव।
अहाके दर्शन करलल हम बुट्टीमे दमलागलब,
साउन महिना अइवते अहाके मन्दिर सगरो
सजादेव।
अहाके नामपर नागपञ्चमी और शिवरात्री
लगादेव,
साउन महिना सव कवयिा कहै हर-हर महादेव।
आहा के गर्मि कम राखललेल भाङ, धथुर,
बेलपत्तर, चढादेव,
लोग १०८ मालाके जापक कहैइ हर-हर
महादेव।
हमरा जखन-जखन गर्मितागत तखन हमहु
नहालेव,
आइसे हमहुं कहव सवदिन हर-हर महादेव।

**फुलगेन महतो**



**थारु समुदायले माघी पर्वको उपलक्ष्यमा माघ ४ गते विराटनगरको कन्चनवारीमा गरिएको माघी महोत्सवमा पुजापाठको लागि राखिएको हल्लो, कोदालो लगायतका सामग्रीहरु ।**

खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# सूचना प्रविधि विधेयकले यसरी खुम्च्याउँदैछ नागरिक अधिकार

संसदमा विचाराधीन सूचना प्रविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका केही प्रावधान हुबहु पारित भए संविधानप्रदत्त नागरिक अधिकार हनन् हुने देखिएको छ ।

गत ०७५ फागुन २ गते संघीय संसदको प्रतिनिधिसभामा दर्ता भइ फागुन ८ गते सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले प्रतिनिधिसभाको बैठकमा पेश गरेको उक्त विधेयकमाथि फागुन १० गते सभामा सामान्य छलफल भएको थियो ।


प्रतिनिधिसभाले विधेयकलाई सम्बन्धित समितिमा दफावार छलफलका लागि पठाउने निर्णय गरेपश्चात् हालसम्म पनि उक्त विधेयक विकास तथा प्रविधि समितिमा रहेको छ । समितिमा विधेयकमा रहेका विभिन्न ३६ दफा तथा उपदफामा संशोधन गरिए पनि नागरिक अधिकारमा गम्भीर असर पार्ने दफा ८३, ८४, ८७, ८८, ९१, ९२, ९४, ९५, ९६, १०७, १११, ११३, ११५ लगायतमा रहेका प्रावधानहरुलाई आधारभूतरुपमा यथावत राखिनु र तीभित्र अझ कडा सजायका प्रावधानहरु थपिनुले संसदबाटै नागरिकका संविधानप्रदत्त मौलिक हकहरुको अपहरण हुन सक्ने आशंका बढेको छ ।

विधेयकको आवश्यकताबारे औल्याउँदै प्रस्तावनामा ‘सूचना प्रविधिको विकास, प्रवर्द्धन र नियमन गर्न, विद्युतीय अभिलेख तथा हस्ताक्षरको मान्यता, सत्यता र विश्वसनीयतालाई नियमित गर्न, विद्युतीय माध्यमबाट सार्वजनिक सेवा प्रवाह गर्न, साइबर सुरक्षाको समुचित व्यवस्था गरी साइबर अपराधलाई नियन्त्रण गरी सर्वसाधारणको हित कायम गर्न तथा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न’ यो विधेयक ल्याइएको बताइएको छ ।

प्रस्तावनाका अन्य विषय सान्दर्भिक देखिए पनि नागरिकले आफ्ना विचार र सूचना प्रवाह गर्ने सहज र सशक्त माध्यम बनिरहेका सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउने भन्ने वाक्यले ती माध्यमहरुलाई नियन्त्रण गर्न खोजिएको त होइन भन्ने आशंका जन्माउँछ । प्रस्तावनाबाट सुरु भएको यो आशंकालाई दफा २ को परिभाषामा बृहत्तर अर्थ लाग्ने र समाचारमूलक साइटहरु समेतलाई समेट्ने गरी सामाजिक सञ्जालको परिभाषा गरिनुले थप आशंका बढाउँछ ।

सामाजिक सञ्जालको परिभाषा गर्दै भनिएको छ ‘(म) सामाजिक सञ्जाल भन्नाले कुनै व्यक्ति वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधाक तथा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु प्रसार गर्ने सुविधासमेत प्रदान गर्ने इन्टरनेट वा सूचना प्रविधिमा आधारित प्रणालीलाई सम्झनुपर्छ ।’

यो परिभाषाले बृहत अर्थ दिने र समाचारमूलक अनलाइन, वेभ साइटसमेत समेट्न सक्ने भएकाले परिभाषा स्पष्ट हुनु पर्दछ । साथै विधेयकभित्र रहेका साइबर आतंक, साइबर बुलिंङजस्ता शब्दहरुको परिभाषा नराखिएकाले यी शब्दका स्पष्ट र अन्तराष्ट्रिय कानूनमा व्यवस्था गरिए अनुसार परिभाषा थप गरिनुपर्छ ।



गोविन्द आचार्य

यस विधेयकको दफा ८३ मा कसैले विद्युतीय प्रणालीको प्रयोग गरी अर्को व्यक्तिलाई निरन्तररुपमा हैरानी गर्ने, जिस्क्याउने, होच्याउने, हतोत्साहित गर्ने, अपमान गर्ने, हप्काउने जस्ता कार्य गर्न गराउन हुँदैन भनिएको छ, तर विद्युतीय प्रणाली मार्फत् हुने अपमान, गाली, उत्पीडन के हो स्पष्ट परिभाषा छैन । यी विषय फौजदारी संहितामै समावेश भइसकेको तर यस विधेयकमा समेत राखेर प्रचलित कानूनमा भएभन्दा बढी सजाय र जरिवानाको प्रस्ताव राखिनु उचित हुँदैन । अत: यो दफा नै हटाउनु उपयुक्त हुन्छ ।

यसैगरी यस विधेयकको दफा ८४ मा साइबर आतंकसम्बन्धी प्रावधान छ । साइबर आंकलाई विश्वभर गम्भीर फौजदारी अपराध मानिन्छ । यहाँ अन्तर्राष्ट्रिय कानून अनुरुप साइबर आतंकको परिभाषा हुनुपर्छ र परिभाषित साइबर आतंकका हकमा कार्यपालिकाले बनाउने अर्धन्यायिक निकायवाट होइन, नियमित अदालतवाट मात्र दण्ड सजायको व्यवस्था गर्न सकिन्छ । आतंकवादका हकमा प्रस्तावित सजायँलाई अझै बढाउँदा पनि हुन्छ, जुन नियमित अदालतको कार्यक्षेत्रभित्र रहनु पर्दछ ।

यस्तै दफा ८७ मा कसैलाई इलेक्ट्रोनिक माध्यम प्रयोग गरी यौन शोषण वा ठगी गर्ने वा कुनै पनि गैरकानुनी गतिविधिमा लाग्न उक्साउन निषेध गरिएको छ । यो विषय पनि मुलुकी संहितामा उल्लेख भएकाले यहाँ बालबालिकाविरुद्ध अपराध गर्ने तथा अबैध कार्य गर्न उक्साउने विषयमा मात्र यो धारा सीमित रहने गरी संशोधन गर्नुपर्छ । यसमा सजायको अधिकार नियमित अदालतलाई मात्र हुनुपर्छ ।

विधेयकको दफा ८८, १ र २ मा नेपालको सार्वभौमिकता, आत्मसम्मान, उपेक्षित, श्रम र जनताको आचरण र नैतिकता लगायतका बिरूद्ध कार्यलाई रोक्न यसको अर्थ निर्धारण गर्न अधिकारीहरुलाई अत्याधिक विवेक प्रयोग गर्न दिइएको छ । संयुक्त राष्ट्र संघको मानवअधिकार घोषणापत्र, नागरिक अधिकार सम्बन्धी दस्तावेजहरु एवम् नेपालको संविधानका प्रावधानमा रहेका अधिकार माथि नै चुनौति हुने गरी व्यापक शब्दहरु राखिनु र यसमा कडा कारवाहीका प्रावधानले हरेक व्यक्तिको अभिव्यक्ति स्वतन्त्रतामा असर पुऱ्याउन सक्ने देखिन्छ । साथै दफा ८८, १ अनुसार कार्य गरेमा दफा ९६ को उपदफा २८ मा राज्य विप्लपको सजाय हुने भनेर अन्य प्रचलित कानूनमा भएको प्रावधानसमेत आकर्षित गर्न खोजिएको छ । यसरी यो विधेयक अनुसार गल्ती भएकोमा राज्य विप्लव जसमा जन्मकैदसम्मको सजायको व्यवस्था छ, त्यस कानून आकर्षित हुने भनिनु सामान्यत: कानून र न्यायको सिद्धान्त विपरित देखिएकाले यो धारा हटाउनु पर्दछ वा विस्तृतरुपमा परिमार्जन गर्नु पर्दछ ।

दफा ९१ (१), २, ३ र ४ मा सामाजिक नेटवर्क सम्बन्धी व्यवस्था छ । यसमा नेपाल सरकारले दर्ता नभएका सामाजिक नेटवर्कलाई प्रतिबन्ध लगाउनेसम्मको व्यवस्था छ । यो दफामा उल्लेखित सामाजिक नेटवर्कको परिभाषा स्पष्ट बनाउनुपर्दछ । दर्ता होइन नियमन गरिनु पर्छ र आर्थिक कारोबार हरुवारे तत्सम्बन्धी प्रचलित कानूनबाटै नियमन हुने व्यवस्था गरिनुपर्छ ।

यसैगरी दफा ९२ मा सामाजिक सञ्जालमा कुनै सामग्री सम्प्रेषण हुन सक्छ भन्ने अनुमानकै कारण त्यस्ता सामग्रीमाथि पूर्वप्रतिबन्ध लगाउनेखालको प्रावधान रहेकाले यसलाई हटाइनुपर्छ । हाम्रो संविधानमा विचार र अभिव्यक्तिमाथि पूर्वप्रतिबन्ध लगाउन रोक लगाइएको छ ।

दफा ९४ मा सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने विषयबस्तुको लामो फेहरिस्त छ, जसमा अन्तराष्ट्रिय कानून र नेपालको संविधानमा व्यवस्था भएका तर अन्य कानूनमा नसमेटिएका विषय मात्र राखिनुपर्छ । मानहानी, बिभिन्न प्रकारका उत्पीडन, गोपनियताका विषय फौजदारी संहितामै समेटिएकाले यहाँ पनि राखिनु गलत मनसाय देखिन्छ ।

दफा ९५ मा कसूरहरु र दफा ९६ मा सजायको व्यवस्था छ । १५ लाखसम्म जरिवाना र ५ वर्षसम्म सजाय बढी हो, यसलाई अन्य कानूनसँग एकरुपता हुने गरी सुधार गर्नु पर्छ । साथै १ वर्षभन्दा बढी सजाय हुने मुद्दा अर्धन्यायिक निकायवाट हेर्न नहुने संवैधानिक व्यवस्था विपरित कार्यपालिकाले गठन गर्ने त्यस्तो निकायवाट सजाय र जरिवाना गर्ने प्रावधान राखिएकाले यसलाई सच्चाइनु पर्दछ । लोकतान्त्रिक मुलुकमा संवैधानिक रुपमै ग्यारेण्टी गरिएका मौलिक हकको उपभोग गर्दा कानूनको उलंघन भएमा नियमित अदालत बाहेक अन्य अर्ध न्यायिक निकाय वा कठपुतली अदालतले सजाय तोक्न सक्दैनन । यो सैद्धान्तिक विषय हो, यसमा विचलन आउनु भनेको लोकतन्त्रप्रतिको निष्ठामै प्रश्न उठ्नु हो । यसप्रति हाम्रा राजनीतिक दलका नेता र जनप्रतिनिधिहरु गम्भीर बन्नै पर्दछ ।

यसैगरी विधेयकको दफा १०७ मा खानतलासी तथा जफत सम्बन्धी व्यवस्था छ । जसमा खोजी र इलेक्ट्रोनिक उपकरण जफत गर्ने क्रममा अनुसन्धान अधिकारीले पालना गर्नुपर्ने दायित्व उल्लेख नगरिँदा फौजदारी मुद्दा निष्कर्षमा पुगेपछि पनि उपकरण वा डाटा फर्काउने वा नष्ट गर्नेबारे मौनता छ । यसले निजी डाटाको सुरक्षा नहुने खतरा सिर्जना हुन्छ । यसैगरी दफा १११ र ११३ ले अनुसन्धान अधिकृतहरूलाई ट्राफिक डेटामा पहुँच गर्न र सञ्चारहरू रोक्न अदालतले अनुमति दिइएको छ । पहुँच गरिएका सबै डाटालाई केवल अनुसन्धानको प्रयोजनको लागि मात्र प्रयोग गरिने र त्यसपछि सुरक्षित फिर्ता वा नष्ट गर्ने सम्बन्धी शर्तहरुसहितको अवस्था ऐनमै तोकिनु पर्दछ । अन्यथा दफा १११ र ११३ का व्यवस्थाले व्यक्तिको गोपनीयताको अधिकारमा हस्तक्षेप हुने अवस्था रहन्छ ।

विधेयकको सबैभन्दा विवादास्पद दफा ११५ बनेको छ । जहाँ सूचना प्रविधि अदालतको गठन सम्बन्धी व्यवस्था छ । नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिमका मुद्दाको सुरु कारबाही र किनारा गर्न प्रत्येक प्रदेशमा सूचना प्रविधि अदालत गठन गर्ने र त्यस्तो अदालतमा सरकारले नियुक्त गरेका एक जना कानून सदस्य, एक जना सूचना प्रविधि सदस्य र एक जना वाणिज्य सदस्य रहने व्यवस्था छ । सरकारले गठन गर्ने यस्तो अदालत स्वतन्त्र त हुँदैनन नै, सातवटै प्रदेशमा सरकारले अदालत गठन गर्दा खर्चिलो, बोझिलो र नियमित अदालतका काम कारवाहीसमेत प्रभावित हुन सक्ने देखिन्छ । यस्ता अदालतवाट कैदको सजाय र मोटो जरिमाना तोक्न मिल्दैन । अत : यस दफालाई सच्चाएर नियमित अदालतलाई मात्र सुरु र किनाराका कारबाहीका अधिकार दिनु उपर्युक्त देखिन्छ । साथै दफा १२० मा व्यवस्था भएको संचार सचिवको नेतृत्वमा रहने सूचना प्रविधि केन्द्रमा विज्ञहरु र सम्बन्धित क्षेत्रको प्रतिनिधित्वसमेत हुनु आवश्यक छ ।(आचार्य नेपाल पत्रकार महासंघका अध्यक्ष हुन) अनलाईन ।

# नोना कोईराला प्रतिष्ठान द्धारा न्यानो कपडा वितरण

विराटनगर । नोना कोइराला स्मृति प्रतिष्ठानले विराटनगरको शिक्षा सदन माविका दुई सय विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ ।

प्रतिष्ठानले विद्यालय परिसरमा आइतबार एक कार्यक्रम आयोजना गरी कक्षा ५ सम्मका दुई सयजना विद्यार्थीलाई स्वेटर, टोपीसहितका न्यानो कपडा वितरण गरेको थियो ।



नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेका थिए भने,“प्रतिष्ठानले धेरै ठूलो नभएपनि विद्यार्थीका लागि सानो सहयोग गरेको हो ।” कोइरालाले जाडोको समयमा विपन्न परिवारका नानीहरुलाई विद्यालय आउन नै कठिन हुने महसुस गरी सहयोग गरिएको बताए ।

कार्यक्रममा प्रदेश १ का कांग्रेस प्रमुख सचेतक केदार कार्की, कांग्रेस क्षेत्रीय सभापति जितेन्द्र गोल्छालगायत नेता सहभागी थिए । विराटनगर ५ मा अवस्थित शिक्षा सदन माविमा शौचालयसहितका भौतिक पूर्वाधारको कमी रहेको बताइएको थियो ।

सुचना सुचना सुचना

१

स्वस्थ पत्रकारिताको विकासस्वतन्त्र र हकअधिकार कोजगेर्ना, राष्ट्रिय सर्वमान्य प्रचलन र मान्यतालाई समायोजन गर्दै अगाडि बढ्नु आजको अपरिहार्य आवश्यकता हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ

सुनवर्सी नगर पालिकाको कार्यालय मोरंग

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

# दाईजो : छोरीको लागि अभिशाप

उपेन्द्र झा

परम्परागत सामाजिक संरचनालाई तहस नहस पार्ने सामाजिक कोढको रूपमा रहेको 'दाइजो प्रथा'को विरूद्ध यसपाली राम-जानकी विवाहोत्सवको अवसरमा जनकपुर मा ३७ वटा जोडीले आदर्श विवाह गरी सामाजिक क्रान्तिका शंखनाद गरेका छन् । सामाजिक विकृतिको विरूद्ध मिथिला संस्कृतिको शृद्धि हेतु थालिएको यो आदर्श अभियानका अभियन्ताहरू अनुकरणीय पात्र मात्र होइनन्, इतिहास रच्ने स्रष्टा पनि हुन् ।

दाइजो प्रथा सामाजिक संस्कृतिका क्यान्सर जस्ता खतरनाक रोग विकसित भएको रिवाज हो । यसमा सधैं बेहुली बदिलान हुँदै आएको छ । कानुनत दाइजो प्रथा अपराध मानिए पनि समाजमा यसको ठूलो साम्राज्य स्थापित छ । वरवधु दुवै पक्षबाट सिञ्चित दाइजो प्रथाको वटवृक्ष समाजमा गहिरो जरा गाडेर झाँगिएको छ । गरिब र निम्न मध्यमवर्गीय परिवार यसको प्रत्यक्ष शिकार बन्दै आएको छ ।

जनसंख्या वृद्धि, समाजिक विपन्नता, सजिलै धन लाभ गर्ने प्रवृति आदि यो रोग फैलाउने अनुकुल कारणहरू हुन् । कन्यादन गरेर अर्काको वंश चलाउने पुनीत कार्य हेतु बरपक्ष सधैं आफूभन्दा श्रेष्ठ ठान्ने सामाजिक मान्यता विस्तारै क्षीण हुँदै गयो । कन्यादन गरेर ठूलो धर्म कमाउने मान्यता विस्तारै अभिशापमा परिणत भयो ।

५० वर्ष पूर्वसम्म कन्यादन जस्तो धार्मिक अनुष्ठान सम्पन्न गर्न वरपक्षले कन्यापक्षलाई सहयोग गर्ने चलन थियो । कन्यादान पछि वंशावली अगाडि बढ्ने मान्यता अनुरूप कन्यापक्षको समाजमा ठूलो ईज्जत थियो । प्रायोगिक रूपमा पराक्रमी योग्य वर छान्ने कन्यालाई पूर्ण अधिकार प्राप्त थियो । गुणी, सच्चरित्र, योग्य पात्रलाई स्वयम्बरमार्फत जीवन साथी बनाउने सामन्ती युगमा पनि स्वतन्त्रता प्राप्त थियो । तर समाज अझ सभ्य, सु-संस्कृत र आधुनिक हुँदै जाँदा कन्याको सामाजिक अधिकार त गुम्यो नै, मानवीय धरातल भन्दा पनि बाहिर फ्याँकियो । छोरीलाई ससुरालीमा प्रताडना दिएर बाबुसँग धन माँगेर ल्याउने विकृति विस्तारै विकसित हुँदै गयो । बेहुलीलाई जिउँदै जलाउने, हत्या गर्ने, आत्महत्या गर्न बाध्य गर्ने यस्ता प्रवृति समाजमा व्यापक रूपमा बढ्यो । दाइजो असुल्न छोरालाई पढाउने एउटा व्यापारको विकास भयो । उच्च शिक्षा, सरकारी वा प्राइभेट उच्च पदका लागि १ करोडसम्म असुल्ने उच्चकोटिको व्यवसाय सुरू भयो । मानिस यस उद्देश्यले कि छोरामा अलि अलि लगानी गरेर एकमुष्ट आम्दानी हुने भनेर सबै यस व्यवसायमा लागे ।

कन्यापक्ष पनि हैसियत अनुसार छोरीलाई साक्षर माध्यामिक शिक्षा तथा उच्च शिक्षा दिलाउन यस उद्देश्यले सुरू गरे कि समाजमा छोरीको क्षीण भई रहेको प्रतिष्ठा बचोस् र वैदिक ग्रन्थको महत्व पुनस्थापित होस् । तर, अपेक्षित रूपमा त्यसो भएन । शिक्षित छोरीले केही हदमा दाइजोलाई कम गरेपनि निर्मुल भने गर्न सकेनन् । दाइजोको प्रभुत्व समाजमा कायम नै रह्यो । समाजमा दाईजो प्रथाको विरूद्ध क्षीण स्वरमा आवाज उठ्थ्यो । तर दाइजोको आगोमा चेलीले बदिलान दिई रहिन् । दाइजोले छोरीलाई अभिशापको रूपमा सामाजिक मान्यता स्थापित गर्‍यो । छोरीको जन्म अभिशापको रूपमा हुने मानसिकताले विस्तारै समाजलाई छोरीबाट मुक्ति पाउन नयाँ नयाँ गर्भ जाँच गराउने प्रविधितिर अग्रसर हुन बाध्य गर्‍यो । यसबीच सरकारले पनि गर्भपतलाई कानुनी मान्यता दियो । गर्भ जाँच गरी छोरी भएको थाहा पाएर मानिस गर्भ फाल्न थालेपछि छोरीको संख्या घट्न थालेपछि यो सभ्य समाजले 'दाईजो प्रथा' कायम राखी 'बेटी बचाऊ, बेटी पढाऊँ' को जनचेतना उठाउन सरकारी अभियान थालेको छ ।

दाइजो प्रथा सहज रूपमा धनलाभ गर्ने सशक्त माध्यम बनेको छ । उच्च शिक्षा हाँसिल गरेका ( दुवै डाक्टर) विरगंजका साह दम्पतीबिच दाइजोका कारण व्यापक तनाव रहेको चर्चा सार्वजनिक भएको छ । दुवै डाक्टर रहेको र कार्यरत समेत रहेको अवस्थामा दाइजोका कारण दाम्पत्य जीवन विषक्त बनेका अनेकौं उदाहरण हाम्रो समाजमा छ । सभ्य भनिने समाजमा कोढको रूपमा फैलिदै गएको दाइजो प्रथाको रोगले पूर्ण ग्रसित भएको अवस्थामा स्वस्थ्य समाज कहलाउन सक्छ ?

'दाइजो प्रथा' सभ्य समाजको ठूलो कलंकको रूपमा परिभाषित भएपनि यसको साम्रज्यलाई मलजल गर्ने प्रवृति समाजमा विद्यमान रहेकोले अपेक्षित रूपमा यो हट्न सकेको छैन । छोरालाई उच्च शिक्षा दिलाई सरकारी जागीर समेत स्वाएर बसेकाहरू दाइजो प्राप्त गर्ने अवसरलाई छोड्न चाहँदैनन् । राम्रो घर वरको चाहना राख्ने कन्या पक्षले पनि वरपक्षको आकांक्षा पुरा गर्न तत्पर रहेकोले कानुनको उपस्थितीमा यो अपराध हुन्छ र कानुनले केही गर्न सक्दैन ।

दिनानुदिन दाइजोका कारण अनाहकमा ज्यान गुमाउने चेलीहरूको संख्यात्मक वृद्धिले समाजमा एक किसिमको दबाब सिर्जजा गरेको छ र गर्नु पनि पर्दछ । सभ्यताको खोल ओढेर अनैतिक कार्यमा व्यस्त अगुवाहरू सामाजिक जिम्मेवारीबाट पन्छिन मिल्दैन । समाजका अगुवाहरूले समाजमा घटि रहेको अमानवीय घटनाहरूको पक्ष वा विपक्षमा बोल्न करै लाग्छ । पक्षमा बोल्ने अपराधी हुन्छ भने विपक्षमा बोल्ने समाजसेवी । जेहास् सामाजिक कलंकको रूपमा रहेको दाइजो प्रथालाई प्रश्रय दिने, चुप लागेर समर्थन गर्ने सबै अपराधी हुन् । यस्ताहरूको समाजिक बहिष्कार आवश्यक छ ।

दाइजोको आगोमा असंख्य रूपमा बलिदान दिने चेलीहरूको आर्तनादबाट जन्मिएका आदर्श विवाह गर्ने ३७ वटा जोडीलाई यो पंक्तिकारको तर्फबाट हार्दिक धन्यवाद । तथा ३७ वटा जोडी खोजेर विवाह महोत्सव सम्पन्न गर्ने आयोजक विश्व हिन्दु परिषद्लाई साधुवाद । यसपालिको विवाहपंचमी महोत्सवलाई दाइजो प्रथाको विरूद्ध ठूलो मशाल जलाएर यस प्रवृतिलाई राख बनाउने ३७ वटा युवायुवतीको जोडीले ऐतिहासिक उदाहरण दिएर महत्वपूर्ण बनाएको छ । सामाजिक विकृति हटाउने समाजिक अभियन्ताको रूपमा प्रस्तुत यी जोडीहरू दाइजो प्रथाको साम्राज्यलाई धाराशायी गर्न सफल बनोस्, यही शुभकामना । (मधेश दर्पण फिचर सेवा)

## ढलबाट...

पटक पटक सांसद मात्र भइनन्, पुनस्थापित ऐतिहासिक प्रतिनिधि सभाको पहिलो बैठकको उपसभामुख पनि बनिन् । महिलाहरूले जहाँ जहाँ अबसर पाए, त्यहाँ आफूलाई सक्षम पुष्टि, समेत गरेका छन् । तर उच्च पद र उम्मेदवार बन्ने समय जब आउछ, त्यति बेला महिलाको नामै हटाइने गरेकाले मात्रै महिलाहरू राजनीतिक नेतृत्व लिनबाट बन्चित गराइएका छन, सिराहामा ।

पार्टीको केन्द्रीय कमिटीमा महिला संख्या न्यून हुनु, जिल्लामा कसलाई नेतृत्व दिने र उम्मेदवार बनाउने भन्ने निर्णय हुँदा केन्द्रीय कमिटीमा महिला नहुनु, भएका महिलाले पनि महिलाको लागि अडान लिन नसक्नु नै समस्या हो ।

प्रमुख पार्टीहरूमा नेपाली कांग्रेसकी सभापति सीतादेवी यादव बाहेक पार्टीको उच्च तह हाक्ने अरु महिला छैनन्, सिराहामा । कारण महिलाहरू सक्षम नभएर होईन, अबसर नै नपाएर हो भन्छिन, नेता रिता यादव ।

नेपाली कांग्रेस सिराहाका सभापति रामचन्द्र यादव भने सिराहामा नेपाली कांग्रेसले महिलाहरूलाई ठाउँ दिएन भन्न नमिल्ने बताउछन् । सिराहामा दुई कार्यकाल महिला नै सभापति भएर चलाएको सीतादेवी यादवको उदारण दिँदै उनले अहिले पनि ३३ प्रतिशत भन्दा बढी र मुख्य पदमा महिला नहुनुमा पुरुषको भन्दा पनि महिलाकै कारणले हो भन्छन् यादव ।

पार्टीमा जिम्मेवारी दिएका महिलाहरूले अनेक बहाना बनाएर कहिले पनि बैठकमा नआउने र आफ्नो नेतृत्व विकास गर्न नसक्ने भएकाले पनि पछाडि परेको उनको जीकिर छ ।

समाजबादी फोरमका अध्यक्ष अशोक यादव भने पार्टीको विधानमै सबै कमिटीमा ५० प्रतिशत महिला सहभागिता भन्ने उल्लेख भएकाले कसैले चाहेर पनि विधान मिच्न नसक्ने बताउछन् । तर पार्टी गठन भएको एक दशक मात्रै भएकोले महिलाको नेतृत्व विकास पनि बिस्तारै भईरहेको उनले बताए । समाजबादी पार्टीको विधानमा उपाध्यक्ष महिला अनिबार्य हुनुपर्ने व्यवस्था समेत छ । त्यस्तै पार्टीमा महिला सहभागिता बढाउन फेरमले ईकाई कमिटीदेखि जिल्ला कमिटीसम्म महिला फोरमको महिला मात्र रहने गरि छुट्टै संगठन पनि बनाएको छ ।

तत्कालिन नेकपा एमाले सचिबालय सदस्य रामदयाल महतो पार्टीको केन्द्रीय कमिटीमा महिला संख्या न्यून हुनु, जिल्लामा कसलाई नेतृत्व दिने र उम्मेदवार बनाउने भन्ने निर्णय हुँदा केन्द्रीय कमिटीमा महिला नहुनु, भएका महिलाले पनि महिलाको लागि अडान लिन नसक्नु नै समस्या हो भन्छन् ।

देशकै ठूलो दल नेकपाको ४५ सदस्यीय स्थायी कमिटीमा दुई जना मात्रै महिला सदस्य छन् भने सचिवालयमा एक जना पनि महिला छैनन् । भर्खरै भएको स्थायी कमिटीको बैठकमा स्थायी कमिटी सदस्य अष्टलक्ष्मी शाक्य र पम्फा भुसालले सचिवालयमा महिला राख्न लिखित र मौखिक रुपमा माग गरे पनि कार्यान्वयन भएन ।

सत्तासिन पार्टीकै सचिवालय महिलाविहीन हुनु, स्थायी कमिटीमा पनि ४.४४ प्रतिशत मात्रै महिला हुनुले नै मुलुकका राजनीतिक दलभित्र महिलाको दयनीय अवस्थालाई उजागर गर्छ । संविधानले राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्छ । तर संविधान बनाउने दलहरू नै संविधान कार्यान्वयन गर्नुको सट्टा धज्जी उडाउछन् ।

नेकपा प्रदेश कमिटी सदस्य सागरदेवी चौधरी भन्छिन, "पुरुषकै वर्चश्व रहेका पार्टीभित्र अनेक संघर्ष गरिरहेका महिलाले प्रतिकार गर्न नथालेसम्म यो प्रवृत्ति हट्नेवाला छैन । यसको अन्त्यका लागि अब हामी महिलाहरू नै बोल्न पर्छ । चुप लाग्नु हुन्न ।" उनी थप्छिन, "राजनीतिमा लागेका महिलाहरू बोलेनन् भने पार्टीभित्र पुरुष दिने र महिला लिने ठाउँमा मात्रै हुनेछन् । नयाँ मुलुकमा यो सबैभन्दा कुरुप पक्ष हो ।" महिला खबर




## स्वास्थ्य

### स्वास्थ्य समस्या र बच्ने उपाय ?

यो जाडोको मौषम हो । केही वर्गलाई जाडोले खासै असर नगरे पनि धेरैका लागि यो अप्रिय हुन सक्छ । वरिपरिको चिसो वातावरण का कारण शरिरमा ह्वात्तै तातो घट्छ र चिसो महशुस हुन्छ । शरिरलाई नयाँ मौसममा एडजस्ट हुन पनि गाह्रो हुन्छ, जसका कारण विभिन्न रोगको जोखिम बढ्छ । वातावरणमा आएको परिवतर्नलाई विभिन्न रोगले पनि संकेत गरेको पाइन्छ । ख्याल नपुर्‍याउँदा धेरै मानिस चिसोको शिकार हुने गरेका छन् ।

जाडो मौसममा हुने रोगहरु

मौसमी फ्लू : तापक्रमको गिरावटपछि यसको प्रत्यक्ष अशर हाम्रो शरिरमा हुन्छ । चिसोमा शरिरको ताप घट्दा शरिरमा चिसो महशुस हुन्छ । वाह्य वातावरण चिसो हुने भएकाले शरिरमा जतिबेला पनि जाँडो अनुभूति हुन्छ र रुघाको जोखिम बढ्छ । कुनै एक व्यक्तिको श्वासप्रश्वास, खोकी हाच्छ्यु र सामान्य बोलीचालीबाट पनि मौसमी फ्लू सर्छ । संक्रमित व्यक्तिको मुख, नाक र आँखाबाट मौसमी फ्लू सर्छ ।

बच्ने उपाय : शरिरले तापक्रम एडजस्ट गर्न नसक्ने भएकाले जाडोमा अत्याधिक चिसो वा तातोमा स्थानमा नबस्ने । एसीमा बसेर बाहिर निस्किदा शरिरले बाहिरको चिसो मौसमसँग एडजस्ट गर्न नसक्ने भएकोले धेरै तापक्रममा बस्नु हुदैन ।

खोकी : धुलो, सुख्खा र चिसो हावाका कारण जाडोमा खोकीको जोखिम हुने गर्छ । यदि पिनासको समस्या छ भने धुलोबाट बच्नुपर्छ ।

बच्ने उपाय : खोकीबाट बच्न खानेकुरामा विशेष बिचार पुर्‍याउनुपर्छ । नियमित तातोपानी खानुपर्छ । शरिरमा चिसो र तातोको सन्तुलन मिलाउनुपर्छ । तातोपानी, चिया अथवा कफी खाएर चिसो पानी वा अन्य ड्रिंक्स खानुहुन्न । बाहिर निस्किदा जहिले पनि मास्क लगाउनुपर्छ ।

फुस्रो छाला : चिसो मौसममा अधिकांश मानिसको छाला फुस्रो हुन्छ । पर्याप्त पानी नखाँदा छाला फुस्रो हुने ओठ फुट्ने गर्छ ।

बच्ने उपाय : फुस्रो छालाबाट बच्न हरेक रात सुत्नुअघि कोकोनट र आलमोन्डको तेल लगाउनुपर्छ । तेलीय खानेकुरा खानुहुँदैन । प्रशस्त पानी पिउनुपर्छ ।

टाउको दुख्ने : चिसोका कारण कतिपय मानिसमा टाउको दुख्ने, वाकवाकी लाग्ने समस्या आउन सक्छ ।

बच्ने उपाय : उनीको टोपी, मफलर लगायतका न्याना लुगा लगाउनुपर्छ । रोग निम्तिनुमा खानपिन पनि जिम्मेवार हुने भएकोले नियमित पोषिलो खानेकुरा खानुपर्छ । चिसोकै कारण बारम्बार टाउको दुखेमा दैनिक मनतातो अदुवा पानी पिउनुपर्छ ।

जाडोको सामना कसरी गर्ने ?

हरेक पटक मौसम परिवर्तन हुन्छ । तर, परिर्वतित मौसममा बानी पर्न हामीलाई केही समय लाग्छ। परिवर्तित मौसममा एडजस्टमेन्ट हुने बेलामा शरिरको रोग प्रतिरोधात्मक क्षमता पनि न्युन हुन्छ र शरिर विभिन्न भाइरस र ब्याक्टेरियाले शरिरमा आक्रमण गर्ने दाउमा हुन्छन् । बिचार नपुर्‍याएमा तत्कालै बिरामी हुन पुगिन्छ । बाह्य तापक्रममा भएको परिवर्तनले चिसोसँग सम्बन्धी विभिन्न रोग लाग्छ ।

रोग प्रतिरोधात्मक क्षमता बढाउने

कमजोर रोग प्रतिरोधात्मक क्षमताका कारण जाडोसँग सम्बन्धित विभिन्न रोगले आक्रमण गर्छ । प्रतिरोधात्मक क्षमता बलियो भएमा चिसोजन्य रोगको संक्रमणबाट मात्र बचाउँदैन अन्य गम्भीर रोग निम्तिनबाट पनि बच्न सकिन्छ । राम्रो र स्वस्थ खानेकुरा खाएर प्रतिरोधात्मक क्षमता बृद्धि गर्न सकिन्छ । सन्तुलित खानाले मानिसलाई स्वस्थ र तन्दुरुस्त बनाउँछ । जाडोमा पर्याप्त आराम गर्दा र बेला-बेला घाम ताप्दा राम्रो हुन्छ ।

अनुहारको छाला जोगाउने

चिसो र सुख्खा मौसमले छालालाई सुख्खा बनाउँछ । सुख्खा छाला फुट्ने गर्छ । तसर्थ जाडोको समयमा प्रशस्त पानी पिउनुपर्छ र मोश्चराइजर क्रिम लगाउनु पर्छ । एभोकाडो, जैतुन र नरिवलको तेलले छालालाई शितल र मुलायम बनाउँछ ।

पर्याप्त पोषण

प्रशस्त पोषणले पनि तपाईंको स्वास्थ्य र छालाको स्याहार गर्छ । भिटामिन सीले प्रतिरोधात्मक क्षमता सशक्त बनाउँछ । भिटामिन सीले रुघाखोकीबाट पनि बचाउँछ ।

परिवर्तनका लागि तयार

मौसम परिवर्तनका लागि शरिरलाई तयारी अवस्थामा राख्नुपर्छ । बदलिदो मौसमसँग जुध्न प्रशस्त लत्ताकपडा र खानेकुराको पूर्व व्यबस्था गर्नुहोस । कुन केला कुन खानेकुरा खाने र कुन कपडा लगाउने विषयमा ज्ञान नहुदा धेरै मानिस चिसोको शिकार हुन्छन् । रातको समयमा विशेष ध्यान दिनुहोस । एयर कन्डिसन र अन्य तापसम्बन्धी उपकरण राम्रो अवस्थामा छन वा छैनन भन्ने बारे ध्यान दिनुपर्छ ।

जाडो मौसममा देखिने अन्य समस्या

१ ह्दयघात : हामीमध्ये अधिकांशलाई यो थाहा नहुन सक्छ, जाडोमा धेरै मानिसलाई ह्यदघात हुने गर्छ । तापक्रममा आएको गिरावटले रक्तनली साँघुरिने र मुटुमा रगत पम्प गर्न गाह्रो हुने हुन्छ । यही जोखिमका कारण मोटा र बृद्धबृद्धालाई जाडो मौसममा मर्निङ वाक गर्न हुँदैन ।

२ दम बढ्छ : जाडो मौसममा बढी हुने समस्यामध्ये दम पनि एक हो । चिसो र सुख्खा हावाले श्वासनलीलाई साँघुरो पारी श्वास फेर्न कठिनाई उत्पन्न गर्छ । तसर्थ जाडो भयो भनेर घरमा अनावश्यक आगो वा धुवाँ नबाल्नुहोस् ।

३ जोर्नी दुख्छ : जाडोमा जोर्नी दुख्नुको कुनै वैज्ञानिक प्रमाण भेटिएको छैन । तर, अधिकांश मानिस यस समस्याबाट जाडोमा पीडित हुने गर्छन् । जोर्नी दुख्ने समस्याबाट बच्न पैतलालाई न्यानो बनाउनुपर्छ । एउटा बाक्लो लुगा लगाउन भन्दा पातला दुई वा सो भन्दा बढी कपडा लगाउनु उपयुक्त मानिन्छ । यसले जोर्नीलाई चिसो हुनबाट बचाउछ ।